10.3126/voh.v31i1.53900

# असंलग्न आन्दोलनमा नेपाल

राम कुमार राई
विद्यावारिधि शोधार्थी

**लेखसार**
*यस लेखको मुख्य ध्येय असंलग्न आन्दोलनमा नेपालको सहभागिता र यसको उपलब्धि बारे अध्ययन गर्ने रहेको छ। दोस्रो विश्व युद्ध पश्चात सुरु भएको शित युद्ध ताका गठित यस आन्दोलनको बारेमा वर्तमान विश्व रङ्गमञ्चमा यसको सार्न्दभिकता भूमिकालाई व्याख्या गरिएको छ। प्रस्तुत लेखमा वर्तमान विश्वमा शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तलाई सर्वोपरि मान्दै यसैका आधारमा विकासशील र विकासोन्मुख मुलुकहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक व्यवस्थालाई सहि दिशातर्फ लैजान सकिन्छ भन्ने ठहर गरिएको छ। नेपालको असंलग्न आन्दोलनमा निरन्तर रुपमा प्रतिनिधित्व र सहभागिताको विश्लेषण गरिएको छ। यो लेख गुणात्मक, विश्लेषणात्मक तथा वर्णात्मक पद्धतिमा आधारित रहेको छ। स्रोत सामाग्रीको संकलन गुणात्मक (Qualitative) प्रकृतिको रहेको छ। यस लेखमा दोस्रो तहको स्रोतको आधारमा तथ्यहरुको विश्लेषण गरिएको छ। विकासोन्मुख देशहरुले शक्ति राष्ट्रहरुको हस्तक्षेप र आर्थिक, वैचारिक प्रभाववाट स्वतन्त्र रहन शान्तिपूर्ण सहअस्तित्वको भावनालाई जीवन्त राख्न पनि असंलग्न आन्दोलनको महत्व र आवश्यकतालाई आजको विश्व परिवेशमा सक्रिय रुपमा कायम गर्नु पर्दछ भन्ने अथार्थ खोज्ने प्रयास गरिएको छ। आजको २१ औं शताब्दीमा आइपुग्दा, असंलग्न आन्दोलनमा पञ्चशीलको (Panchasheel) सिद्धान्त, नीति र उद्देश्यको आवश्यकता रहेको छ। आजको बहुध्रुविय विश्वमा असंलग्न आन्दोलनको औचित्य र आवश्क्ता अझ प्रभावकारी हुने देखिएको छ।*

**शब्द कुँञ्जी-** पञ्चशील, नाम, संप्रभुत्ता, सह-अस्तीत्व, एकध्रुवीयविश्व, शीतयुद्ध,

**परिचयः**
दोस्रो विश्व युद्ध समाप्ती पश्चात विश्व दुई ध्रुवमा विभाजित हुन पुग्यो। एउटा समुह अमेरीकी पक्षमा रह्यो जसलाई पूँजिबादी ध्रुव भनियो। अर्को समुह तत्कालीन युएसएसआर (हाल रुस) पक्षमा रह्यो जसलाई साम्यबादी (कम्यूनिष्ट) ध्रुवको रुपमा हेर्न थालियो। नेटो र वार्सा सैन्य शक्तिको रुपमा स्थापित यो दुई ध्रुववीच शीत युद्ध (Cold War) चल्न थाल्यो। संसारका प्राय राष्ट्रहरु धुरी समुहमा सहभागी हुन पुगे। यी दुई ध्रुवमा संलग्न नभएका राष्ट्रहरुको सन् १९५५ अप्रील १८ देखि २४ सम्म इन्डोनेशियको बाँडडुडमा एउटा भेला भयो। यही अफ्रो एसिएन सम्मेलन नै असंलग्न आन्दोलन ( Non- Alignement Movement) को रुपमा स्थापित भयो। जुन आधिकारीक रुपमा कुनै शक्ति समुहसँग वा विरुद्धमा पँक्तिबद्ध हुन चाहँदैन। यसको प्रधान कार्यालय इन्डोनेसियाको जाकार्तामा रहेको छ। हाल यसको सदस्य राष्ट्र १२० ओटा छन्। नेपाल यसको संस्थापक राष्ट्र हो। यसको पर्यवेक्षक राष्ट्र १७ ओटा र पर्यवेक्षक संस्था १० ओटा रहेको छ। यस आन्दोलनको गठन तथा विश्वमञ्चमा स्थापना गराउनको लागि विशेषतः तात्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू, इजिष्टका तत्कालीन राष्ट्रपति गमाल अब्दुल नासेर, इन्डोनेसियाका तत्कालीन राष्ट्रपति सुकार्नो, घानाका तत्कालीन राष्ट्रपति क्वामे कुमास र युगोस्लाभियाका तत्कालीन राष्ट्रपति मार्शल जोसेफ ब्रज टिटोको मुख्य भूमिका रहेको थियो। यसको प्रथम सम्मेलन सन् १९६१ मा युगोस्लाभियाको बेल्ग्रेडमा भएको थियो। त्यसमा नेपालको तर्फबाट राजा महेन्द्रले सहभागी जनाएका थिए। हाल सम्म भएको पछिल्लो १८ औं सम्मेलन अजरवैजनको बाकुमा २०१९ अक्टोवर २५ देखि २६ सम्म भएको थियो। त्यस सम्मेलनमा नेपालको तर्फबाट तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओली सहभागी भएका थिए। यसको स्लोगन Upholding the bangdung principle to ensure a connected and adequate response to the challenge of the Contemporary world रहेको थियो। आगमी १९ औं सम्मेलन २०२३ को अन्तमा युगान्डामा हुने घोषणा भएको छ।
असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरु (क्षेत्रिय आधारमा) -१९६१-२०२१ सम्म

| क्र.सं. | अफ्रिका (५३) | एशिया (३९) | ल्याटिन अमेरिका र क्यारेवियन (२६) | युरोप (२) |
|---|---|---|---|---|
| १ | अल्जेरिया | अफगानिस्तान | एन्टिगुआ एण्ड बार्बुडा | अजैरबैजान |
| २ | अंगोला | बहराइन | बहमास | बेलारस |
| ३ | बेनिन | बंगलादेश | बारवाडोस | |
| ४ | वोत्सवान | भुटान | बेलिज | |
| ५ | बुर्किनो फासो | ब्रुनाई दारेसलाम | बोलिभिया | |
| ६ | बुरुन्डी | कम्बोडिया | चिली | |
| ७ | क्यामरुन | फिजी | कोलम्बिया | |
| ८ | केप भर्ड | भारत | क्युवा | |
| ९ | मध्ये अफ्रिका | इन्डोनेसिया | डोमिनिका गणतन्त्र | |
| १० | चाड | इरान | डोमिनिकल रिपब्लिक | |
| ११ | कोमोरस | इराक | इक्वेडर | |
| १२ | कंगो | जोर्डन | ग्रेनाडा | |
| १३ | आइभरीकोष्ट | कुवेत | गवाटेमाला | |
| १४ | जिबुटी | लेवनान | हैंटी | |
| १५ | डेमोक्रेटिक गणतन्त्र कंगो | लावस | गुयाना | |
| १६ | इजिप्ट | मलेसिया | होन्डुरस | |
| १७ | इकोट्रोरयल गुयना | माल्दिभस | जमैका | |
| १८ | इरिटिया | मंगोलिया | निकारागुवा | |
| १९ | इथोपिया | म्यानमार | पानामा | |
| २० | गेवुन | नेपाल | पेरु | |
| २१ | गाम्विया | ओमान | सेन्ट किट्स एण्ड नेभिस | |
| २२ | घाना | पाकिस्तान | सेन्ट लुसिया | |
| २३ | गुयना विसाउ | प्यालेस्टाइन | सेन्ट भिन्सेन्ट एण्ड ग्रेनेडाइन्स | |
| २४ | गुयना | पपुवा- न्युगिनी | | |
| २५ | केन्या | जनवादी उत्तर कोरिया | | |
| २६ | लोसोथो | फिलिपिन्स | | |
| २७ | लाईबेरिया | कतार | | |
| २८ | लिविया | साउदी अरविया | | |
| २९ | मदागास्कर | सिंगापुर | | |
| ३० | मलावी | श्रीलंका | | |
| ३१ | माली | सिरिया | | |
| ३२ | मौरिटानिस | थाईल्याण्ड | | |
| ३३ | मौरिसास | पूर्वीटिमोर | | |
| ३४ | मोरक्को | तुर्केमिस्तान | | |
| ३५ | मोजाम्विक | संयुक्त अरब इमिरेट्स | | |
| ३६ | नामविया | उज्वेकिस्तान | | |
| ३७ | नाईजर | भानुआटु | | |
| ३८ | नाईजेरिया | भियतनाम यमन | | |
| ३९ | रुवाण्डा | | | |
| ४० | साओटोम एण्ड प्रिन्सेस | | | |
| ४१ | सेनेगल | | | |
| ४२ | सेसेल्स | | | |
| ४३ | सिएरा लियोन | | | |

४४ सोमलिया

४५ दक्षिण अफ्रिका

४६ सुडान
४७ स्वाजलैंड
४८ तान्जिानिया
४९ टोगो
५० ट्यूनेसिया
५१ युगान्डा
५२ जाम्विया
५३ जिम्बावे

स्रोतः MOEA (2020)

माथि उल्लेखित तालिका अनुसार असंलग्न आन्दोलनमा हाल रहेका सदस्य मुलुकहरुको क्षेत्रगत आधारमा वर्गिकरण गरिएको छ ।

असंलग्न आन्दोलनका पर्यवेक्षक राष्ट्रहरुः

प्रवेक्षक राष्ट्रहरु

| | | |
|---|---|---|
| १. अर्जेन्टिना | ७. बोस्निया एण्ड हर्जगोभिना | १३. चीन |
| २. क्रोसिया | ८. काजकिस्तान | १४. मेक्सिको |
| ३. पाराग्वे | ९. ताजकिस्तान | १५. उरुग्वे |
| ४. आर्मेनिया | १०. ब्राजिल | १६. कोष्टारिका |
| ५. अल-सारभाडोर | ११. किग्रिस्तान | १७. मोन्टेनेग्रो |
| ६. सर्विया | १२. युक्रेन | |

स्रोतः Ministry of Foreign Affairs of the Republic of Azerbaijan (2019)

असंलग्न आन्दोलनका पर्यवेक्षक संगठन वा संस्थाहरुः

| | |
|---|---|
| 1. Africian Union | 6. South Center |
| 2. League of Arab States Organiztion | 7. Hostosian National Independence Movement 8. United Nations |
| 3. Afro - Asian People's Solidarity | 8. United Nations |
| 4. Organization of Islamic Cooperation | 9. Kanak Socialist National Liberation Front |
| 5. Common - wealth Secretariat | 10. World Peace Council |

स्रोतः Ministry of Foreign Affairs of the Republic of Azerbaijan (2019)

यगोस्लाभियाको बेलग्रेड देखि हाल सम्म भएका शिखर सम्मेलनहरुः

| क्र.सं. | शिखर सम्मेलन स्थल | सम्मेलन मिति |
|---|---|---|
| प्रथम | युगोस्लाभिया, बेलग्रेड | सेप्टेम्बर १-६, १९६१ |
| दोस्रो | इजिप्ट, कायरो | अक्टोवर ५-१०,१९६४ |
| तेस्रो | जाम्बिया, लुसाका | सेप्टेम्बर ८-१०, १९७० |
| चौंथो | अल्जेरिया, अल्जेयर्स | सेप्टेम्बर ५-९, १९७३ |

| | | |
|---|---|---|
| पाँचौं | श्रीलंका, कोलम्बा | अगस्ट १६-१९, १९७६ |
| छैठौं | क्युवा, हवाना | सेप्टेम्बर ३-९, १९७९ |
| सातौं | भारत, नयाँ दिल्ली | मार्च ७-१२, १९८३ |
| आठौं | जिम्बाबे, हरारे | सेप्टेम्बर १-६, १९८६ |
| नवौं | युगोस्लाभिया, जकाता | सेप्टेम्बर ४-७, १९८९ |
| दशौं | इन्डोनेसिया, जकार्ता | सेप्टेम्बर १-६, १९९२ |
| एघारौं | कोलम्बिया, कार्टाजेना डी इण्डीयास | अक्टोवर १८-२०, १९९५ |
| बाह्रौं | दक्षिण अफ्रिका, डर्बन | सेप्टेम्बर २-३, १९९८ |
| तोह्रौं | मलेसिया, क्वालालम्पुर | फेब्रुअरी २०-२५, २००३ |
| चौधौं | क्युवा, हवाना | सेप्टेम्बर १५-१६, २००६ |
| पन्ध्रौं | इजिप्ट, शामा इल शेख | जुलाई ११-१६, २००९ |
| सोह्रौं | इरान, तेहरान | अगस्ट २६-३१, २०१२ |
| सत्रौं | भेनेजेएला, मार्गरिटा | सेप्टेम्बर १७-१८, २०१६ |
| अठारौं | अजरबैजान, वाकु | अक्टोबर २५-२६, २०१९ |

स्रोतः खरेल, विश्वनाथ (२०७६), हिमाल खबर

## असंलग्न आन्दोलनमा नेपालको सहभागिताः

नेपाल आफैं यस आन्दोलनको संस्थापक सदस्य हो । नेपालले शुरुदेखि नै आन्दोलनको शिखर सम्मेलन र परराष्ट्र मन्त्रीस्तरीय वैठकमा सहभागिता जनाउँदै आएको छ । हालसम्म १८ औं शिखर सम्मेलन सम्म आईपुग्दा विभिन्न समयमा राष्ट्रप्रमुखहरुको सहभागिता भएको अवस्था छ । नेपालले विश्व शान्तिको लागि एक्वबद्धता जनाउँदै पनि आएको छ । यसरी हेर्दा असंलग्न आन्दोलनमा नेपालको सहभागिता उपलब्धीमुलक देखिन्छ । अझ वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएको सम्बोधनले नेपाल असंलग्न आन्दोलनमा कटिबद्ध रुपमा उभिएको जनाउँदछ । राजा महेन्द्रले शुरुदेखि नै असंलग्न आन्दोलनमा भाग लिएपछि हरेक सम्मेलनमा नेपालको सहभागिता रहँदै आएको छ । यसै क्रमलाई निरन्तता दिँदै अजरबैजानको बाकुमा आयोजित असंलग्न राष्ट्रहरुको १८ औं शिखर सम्मेलनमा नेपालको उच्चस्तरको सहभागिता थियो । प्रधानमन्त्री केपी ओली आफू राष्ट्रसंघको वार्षिक कार्यक्रममा नगएर असंलग्न राष्ट्रहरुको शिखर सम्मेलनमा जानुले पनि नेपालले असंलग्न आन्दोलनलाई दिएको महत्व बुझ्न सकिन्छ । नेपाल अझै असंलग्न आन्दोलनका संविधान र नीतिप्रति प्रतिवद्ध छ भन्ने बुझिन्छ" (शर्मा, २०७६) ।

असंलग्न आन्दोलनमा नेपालकोतर्फबाट सहभागिता जनाउने राष्ट्रप्रमुख एवं सरकारप्रमुखहरुः

| क्र. सं. | राष्ट्रप्रमुख एवं सरकारप्रमुख | सम्मेलन मिति |
|---|---|---|
| प्रथम | राजा महेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर १(६, १९६१) |
| दोस्रो | राजा महेन्द्र वीरविक्रम शाहदेव | अक्टोबर ५(१०, १९६४) |
| तेस्रो | राजा महेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर ८ (१०, १९७०) |
| चौथो | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर ५(९, १९७३) |
| पाँचौं | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | अगस्ट १६(१९, १९७६) |
| छैठौं | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर ३(९, १९७९) |
| सातौं | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | मार्च ७(१२, १९८३) |
| आठौं | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर १(६, १९८६) |

| | | |
|---|---|---|
| नवौं | राजा वीरेन्द्र वीरविक्रम शाहदेव | सेप्टेम्बर ४।७, १९८९। |
| दशौं | प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला | सेप्टेम्बर १।६, १९९२। |
| एघारौं | प्रधानमन्त्री शेरबहादुर देउवा | अक्टोबर १८।२०, १९९५। |
| बाह्रौं | प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला | सेप्टेम्बर २।३, १९९८। |
| तेह्रौं | प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्द | फेब्रुअरी २०।२५, २००३। |
| चौधौं | उपप्रधानमन्त्री के.पी. शर्मा ओली | सेप्टेम्बर १५।१६, २००६। |
| पन्ध्रौं | प्रधानमन्त्री माधव कुमार नेपाल | जुलाई ११।१६, २००९। |
| सोह्रौं | प्रधानमन्त्री डा. बाबुराम भट्टराई | अगस्ट २६। ३१, २०१२। |
| सत्रौं | उपराष्ट्रपति नन्दबहादुर पुन पासाङ्ग | सेप्टेम्बर १७।१८, २०१६। |
| अठारौं | प्रधानमन्त्री के.पी. शर्मा ओली | अक्टोबर २५।२६, २०१९। |

स्रोतः https://baahrakhari.com/news-etails/221499/2019-10-21(accessed 8 January8, 2021) ४३

माथि उल्लेखित तालिका अनुसार नेपालको असंलग्न आन्दोलनमा प्रथम शिखर सम्मेलनबाट नै सहभागिता हुँदै आइरहेको छ। हालसम्म अठारौं शिखर सम्मेलनसम्म आईपुग्दा प्रथम देखि नवौंसम्म राजाले नेपालको उपस्थिति जनाउँदै आएको छ। यसैगरी ६ जना प्रधानमन्त्रीले पनि नेपालको तर्फबाट सहभागिता जनाईसकेका छन् भने एक जना उपराष्ट्रपति र उपप्रधानमन्त्रीको पनि सहभागिता भईसकेको छ। माथि उल्लेखित तालिका अनुसार नेपालले असंलग्न आन्दोलनलाई महत्व दिएको अवस्था छ। तसर्थ, अठारौं शिखर सम्मेलनमा प्रधानमन्त्री केपी शर्मा ओलीले अन्तराष्ट्रिय मञ्चमा स्वतन्त्र, असंलग्न नीति, विश्व शान्ति, समानता, राज्यहरूबीचको सहकार्य, सहअस्तित्व र खासगरी पञ्चशीलका आधारमा सम्बन्ध स्थापित गर्नुपर्ने कुरा बताएर नेपालको शान्ति र विश्व भाइचाराको संकेत दिएका छन्, परराष्ट्र मन्त्रालय (२०११)। नेपाल जस्तो विकासिलमुलुकको लागि असंलग्न आन्दोलनको उद्देश्य र परिकल्पना वर्तमान परिपेक्षमा पनि सान्दर्भिक रहँदै आएको छ। असंलग्न आन्दोलनको स्थापनाकालदेखि नै नेपालले संयुक्तराष्ट्रसंघको वडापत्र, शान्तिपूर्ण सहअस्तित्वको पञ्चशील (Panchsheel) सिद्धान्तमार्फत परराष्ट्र नीति सञ्चालन एवं अवलम्बन गरिरहेको अवस्था छ। यस आन्दोलन मार्फत पनि नेपालले आफ्नो विचार एवं अहस्तक्षेप, सार्वभौमसत्ताको सम्मान, अनाक्रमण, पारस्परिक सहयोग जस्ता सिद्धान्त मार्फत अन्तराष्ट्रियमञ्चमा आफूलाई उभ्याउँदै आइरहेको छ। तसर्थ पनि "नेपाल अझै असंलग्न आन्दोलनका संविधान र नीतिप्रति प्रतिवद्ध छ भन्ने बुझिन्छ" (शर्मा, २०७६)

नेपालको संविधान २०७२ को भाग ४ को धारा ५० को निर्देशक सिद्धान्तहरुको उपधारा ४ अनुसार अन्तराष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ भनी व्यवस्था गरिएको छ। जस अनुसार नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तराष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि कायम गरिनेछ (नेपालको संविधान, २०७२)। नेपालको परराष्ट्र नीति पनि पञ्चशीलको सिद्धान्त अनुसार सञ्चालन भएको छ। यसबाट पनि नेपाल र असंलग्न आन्दोलनको सम्बन्धलाई दिगो बनाएको छ।

त्यसैगरी, संविधान २०७२ को भाग ४ को धारा ५१ को खण्ड (ड) को (१) र (२) मा व्यवस्था भए अनुसार अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति मार्फत स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गरिनेछ। नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलताको सिद्धान्त, अन्तराष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितको व्यवस्था समेत गरिएको छ, (नेपालको संविधान, २०७२)। "वस्तुतः यी त संवैधानिक व्यवस्था हुन, जसको आलोकमा नेपालको राष्ट्रिय हित संवर्द्धन गर्न, उपयुक्त विदेशनीति निर्धारण र सञ्चालन गर्ने आधिकारिक राजनीतिक निकाय भनेको मन्त्रिपरिषद् र प्रशासनिक निकाय भनेको परराष्ट्र मन्त्रालय हो। अब यिनैको भरमा नेपालले आफूसामु उपस्थित चुनौतीको सामना गर्नुपर्ने अवस्था छ" (पोखरेल, २०७६)

“महेन्द्रकालीन परराष्ट्र नीति अनुसार नेपालले यसमा सन् १९६१ देखि नै सहभागिता जनाउँदै आइरहेको छ” ( एजेन्सी, अनलाईन खबर, २०७४ चैत २२) । नेपालले सदैव असंलग्न आन्दोलनको नीति अनुसार अन्तराष्ट्रिय जगतमा भूमिका खेल्दै आइरहेको छ । पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले असंलग्न आन्दोलनको प्रादुर्भाव पछिको पाँच दशकमा विश्वमा ठूलो परिवर्तन आएको उल्लेख गर्दै साझा समृद्धि हासिल गर्न नेपाल यस आन्दोलनका अन्य सदस्यसँग दृढतापूर्वक उभिने बताएर आन्दोलनमा नेपालको भूमिका क्रियाशील रहेको आभास दिनुभएको छ” ( एजेन्सी, सौर्य अनलाईन, भदौ १६, २०६९) ।

‘असंलग्न आन्दोलन उत्पीडित, शोषित, औपनिवेशिक राष्ट्रहरुको आशाको केन्द्रबिन्दु बनेको थियो र आज पनि यो विश्वका नेपाल जस्तै ओझेलमा पारिएका र उत्पीडित जनताको आशा बन्दै आईरहेको छ, थप प्रस्ट्याउँदै पूर्व प्रधानमन्त्री भट्टराईले भन्छन “असंलग्न आन्दोलन शान्ति, न्याय र समानताको उद्देश्य हासिल गर्न खडा गरिएको थियो र यो लक्ष्य प्राप्तिमा थप जोस र ऊर्जासहित अरू अग्रसर हुँदै आइरहेको छ”। ( एजेन्सी, सौर्य अनलाईन, भदौ १६, २०६९) ।

बेलग्रेड सम्मेलनबाट नै नेपाल यस आन्दोलनमा सहभागी हुँदै आएको छ, (पौडेल, २०६७) । नेपालले पञ्चशीलको र त्यसका निर्देशक सिद्धान्तका एवं मूल्य मान्यतालाई अवलम्बन गर्दै आईरहेको छ । यद्यपि वर्तमान समयमा आएर असंलग्न आन्दोलन ओझेलमा परेको देखिन्छ। नेपालको सन्दर्भमा पनि छिमेकी मुलुकहरुलाई सन्तुलित तरिका (Balance) बाट सम्बन्ध कायम गर्नुपर्ने देखिन्छ । मूलतः दुई ठूला छिमेकी चीन र भारतसँग भूराजनीतिक सम्बन्ध एवं दिपक्षीय हितका लागि पनि अपरिहार्य छ । तसर्थ, नेपालको लागि असंलग्न आन्दोलनका मूल्य मान्यतालाई राष्ट्रहित अनुसार सञ्चालन एवं अवलम्बन गर्न आज पनि अपरिहार्य आवश्यकता देखिन्छ । करिब ६० वर्ष अघि स्थापना भएको असंलग्न आन्दोलनका नीतिलाई जिवित राख्नु अन्तराष्ट्रिय जगतको दायित्व पनि रहेको छ । पूर्व परराष्ट्र सचिव अर्जुनबहादुर थापा स्वीकार गर्दै भन्छन, “विश्व दुई ध्रुर्वबाट बहुध्रुविय भएको अवस्थामा असंलग्न आन्दोलनको प्रभावकारीता कम हुँदै गएको छ त्यसैले असंलग्न आन्दोलनको प्रभावकारीताको लागि दुई ध्रुर्वबाट विश्व बहुध्रुविय भएको वर्तमान अवस्थामा तत्कालिन समयको कल्पनालाई परिस्कृत गर्नुपर्ने समय आएको छ” । त्यसैगरी परराष्ट्र मामिलाका जानकार दिनेश भट्टराईको शब्दमा बुझ्ने हो भने नेपालमा पछिल्लो समय विदेशीको उपस्थिति बढ्दै गएकाले तटस्थताका निम्ति पनि असंलग्न आन्दोलनमा लागिरहनु पर्ने बतउँछन । असंलग्न आन्दोलनले प्रत्याभूत गरेको तटस्थताको सिद्धान्तमा नेपाल रहनुपर्छ, । भट्टराई भन्छन, “नेपालले यस असंलग्न आन्दोलनलाई आफ्नो राष्ट्र हित अनुकुल प्रयोग गर्न सक्नुपर्छ (पौडेल, २०७६) ।

## असंलग्न आन्दोलनमा नेपालको सहभागिताको उपलब्धिः

नेपालले असंलग्न आन्दोलनको संस्थापक सदस्य बनेर आफ्नो मुलुकको स्तन्त्रता र सार्वभौमिकताको पूर्ण रक्षा गर्न सक्नु नै यसको महत्वपूर्ण उपलब्धि हो । नेपाललाई राजा महेन्द्रले नेपाललाई असंलग्न आन्दोलनमा ससक्त सहभागी गराएर अर्न्तराष्ट्रिय समर्थन प्राप्त गरे पश्चात विश्वमा नेपालको अर्न्तरष्ट्रिय स्तरमा सम्बन्ध विस्तार भएको थियो । यो अर्को विशेष उपलब्धि हो । यहि बलियो अर्न्तराष्ट्रिय सम्बन्धका कारण नै नेपाल तिब्बतीकरण र सिक्किमकरण हुनबाट बच्न सकेको भन्न सकिन्छ । विकासको पाटामा पनि नेपाल असंलग्न राष्ट्र भएकोले तत्कालिन भारत, युएसएसआर, अमेरीका, चिन लगायत देशबाट पुर्वाधार निर्माणमा सहयोग प्राप्त भएको देखिन्छ । दोस्रो विश्व युद्ध पश्चात गठित संयुक्त राष्ट्र संघको सदस्य प्राप्त गर्न पनि नामको सदस्य राष्ट्र रहनु सवल पक्ष हो । संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त पश्चात नेपाल विश्वको एक स्वतन्त्र सार्वभौम राष्ट्रको रुपमा स्थापित भयो । विश्वमा शान्ति सेना पठाउने हैसियत कायम गऱ्यो यी यस्ता दर्जनौं उपलब्धि नामको सदस्यता पश्चात नेपालले प्राप्त गरेको छ ।

### अध्ययनको विधि र पद्धतिः

यस लेखको अध्ययन पद्धति Methodology गुणात्मक (Qualitative) रहेको छ । यस लेखको Reasearch Approch Inductive रहेको छ । यसको Socurce Strategy narrative enquiry, achival reaserach लगायत रहेको छ । साथै विश्लेषण विधिको पनि प्रयोग गरिएको छ । यसका अलावा अध्यायनको क्षेत्रगत विश्लेषणात्मक वर्णन र आवश्यकता अनुसार शोधकार्यको खोज गरिएको छ । विशेषत, नेपाल र असंलग्न आन्दोलनको अध्ययन गर्दै यस लेखलाई तथ्यपरक बनाउने प्रयास गरिएको छ । यस लेख ऐतिहासिक अध्यायनको आधारमा अनुसन्धान गरिएको

छ । यस लेख सेकेण्डरी स्रोत सामाग्रीको आधारमा तथ्य विश्लेशण गरिएको छ । यस लेखमा आर्थिक सामाजिक साँस्कृतिक र राजनितिक विश्लेषण गरिएको छैन ।

**विश्लेषण:**

२१ औं शताब्दीमा असंलग्न आन्दोलनको सार्न्दभिकता नेपाल र विश्वको लागि अफ्न बढेको छ । बहुध्रुविय रुपमा विकसित वर्तमान समयमा नाम लाई सकारात्मक रुपमा अगाडि बढाउन आवश्यक्ता बनेको छ, । यो असंलग्न आन्दोलनले अन्तराष्ट्रिय सहयोग, बहुपक्षीयता र राष्ट्रिय आत्मनिर्णयको पक्षमा वकालत गर्नुपर्ने दायित्व अफ्न बढेको छ । यसले विश्व आर्थिक क्रमको असमानताको विरूद्ध पनि अफ्नै बढ्दो स्वरले वकालत गर्नु पर्ने भएको छ। शान्तिपूर्ण सहअस्तित्वको स्थापनाको लागि आजको दिनमा नामको सार्न्दभिकता अफ्न बढेको छ ।

सानो ठूलो जेसुकै भएतापनि विश्व समुदायको हित र शान्तिपूर्ण वातावरण निर्माणको सबैको योगदान बराबर रहेको छ, जुन असंलग्न आन्दोलनका लागि अवसर पनि देखिन्छ । यसले अवसरहरु सिर्जना गरेको अवस्था छ । १८ औं शिखर सम्मेलनलाई सम्बोधनका क्रममा नेपालका तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले भनेका छन् ६४ वर्ष अगाडि पूर्व र पश्चिमबीचको असहज शीतयुद्धको वातावरणमा एशिया र अफ्रिका महादेशका नेताहरुले अन्तराष्ट्रिय सम्बन्ध र सञ्चालनका आधारभूत मूल्य बाङ्डुङ सम्मेलन मार्फत प्रतिपादन गरेको स्मरण गर्दै ती सिद्धान्तले राष्ट्रसंघको बडापत्रको सम्मान, राष्ट्रिय स्वाभिमानको मान्यता स्थापना ( एजेन्सी, गोरखापत्र अनलाईन, २०७७) गरेको कुरा बताउँदै असंलग्न आन्दोलनको अवसरहरु अफ्नै जीवन्त रहेको प्रष्ट्याउनु भएको छ । यसले नेपाल जस्तो विकासशिल मुलुकलाई पनि फाइदा हुने देखिन्छ । यसकारण पनि असंलग्न आन्दोलनको सान्दर्भिकता आजको समयमा पनि बढेको छ की अन्तराष्ट्रिय राजनीतिमा कुनै राज्य निष्कृय वा तटस्थ रहनु पर्छ । अतः असंलग्न आन्दोलनको स्थापनादेखि नै यसको उद्देश्य विकासोन्मुख देशहरूलाई आवाज उठाउनु र विश्व मामिलामा उनीहरुको संयुक्त कार्यलाई प्रोत्साहित गर्नु हो । त्यसकारण पनि वर्तमान परिवेशमा पनि असंलग्न आन्दोलनले आफूलाई अवसरको रुपमा प्रयोग गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय समुदायमा शान्ति, सम्वृद्धिको जोड दिन सक्छ र यसले सदस्य मुलुकहरुलाई पनि प्रभावकारी बनाउने छ, Sehgal (2019) ।

Shenon (1992) ले आफ्नो आर्टिकल, "Non- Aligned Movement Decides it is still Relevant" मार्फत लेखककले आन्दोलनको सान्दर्भिकता वर्तमान समयमा पनि व्यवस्थित र जीवन्त रहेको भनी प्रस्ट्याएका छन । यसैगरी लेखक थप भन्नु हुन्छ, असंलग्न आन्दोलन केवल कुनै दुई ब्लक (दयिअक० वा राजनीतिक शक्तिमा मात्र निषेध गरेको छैन । यस आन्दोलनको महत्व र क्षेत्र अफ्न फराकिलो र गहिरो रुपमा रहेको हुन्छ भनी यसको आवश्यकता दर्शाएका छन ।

Rasool and Pulwama (2013) को संयुक्त आर्टिकल, "Non- Aligned Movement in 21st Century: Relevant or Redundant? A Debate मार्फत असंलग्न आन्दोलनको वर्तमान भूमिका, विगतमा भएका उपलब्धीहरु र आगामी दिनमा यसको सान्दर्भिकता वा निरर्थकता जस्ता विषयमा व्याख्या विश्लेषण गरिएको छ । यसरी वर्तमान अवस्थामा असंलग्न आन्दोलनको सार्न्दभिकतालाई विभिन्न विद्ववानहरुले अध्ययन अनुसन्धान गरि निकालिएको तथ्यहरुले पनि पुष्टि गर्दछ । वर्तमान समयमा असंलग्न आन्दोलनका चुनौतिहरु पनि खडा भएका छन् । साना टापु राष्ट्रहरु, विकासन्मुख र कम विकासशील मुलुकहरुले विगतदेखि नै समस्या र चुनौतीको सामना गर्दै आइरहेकोमा वर्तमानमा अफ्न समस्यामा छन् । आतंकवाद, गलत सूचना र नक्कली समाचार आदिले सामाजिक एकता र सामूहिक सुरक्षामा ठूलो समस्या निम्त्याईरहेको अवस्था छ । मौसम परिवर्तन जसलाई अंग्रेजीमा क्लाइमेट चेन्ज भनिन्छ यसले सबैभन्दा बढी समस्या पारेको देखिन्छ । यसको मारमा अधिकांश असंलग्न आन्दोलनमा सदस्य रहेका गरिब, साना टापु राष्ट्रहरु, विकासन्मुख र कम विकासशिल मुलुकहरु रहेका छन् । नेपालले पनि ऋषिबतभ ऋजबलनभ को समस्या भोगिरहेको अवस्था छ । द्वन्द्व, हिंसा, शक्तिको होडबाजी र आर्थिक असमानता आदिले पनि असंलग्न आन्दोलनका सदस्य मुलुकहरु समस्या भ्फेलिरहेका छन् ।

नीति र सिद्धान्तमा रहेर संगठनको स्वरुप विश्व मञ्चमा निरन्तर रुपमा दिँदै आएको असंलगन आन्दोलन वर्तमान परिपेक्षमा आइपुग्दा (Climate Change) भने मुख्यतया राजनीतिक घटनाक्रम र परिस्थितिले यसको सांगठनिक संचालनमा चुनौती थपेको अवस्था छ । मुख्यतयाः तेस्रो विश्वका मुलुकले सामना गर्नुपरेको मानवीय सहायता, शान्ति

सुरक्षा, मानवअधिकार र विकास आदिको चपेटामा असंलग्न देशहरु पनि रहेका छन् । यसका साथै सन् १९७८ को परराष्ट्रमन्त्रीस्तरीय सम्मेलन बेलग्रेडले सामाजिक, आर्थिक, राष्ट्रिय धारणाको विकास गर्दा मानवीयताको आचरणलाई नविर्सनु जस्ता प्रतिवद्धतालाई दृष्टिगत गरेको भएतापनि वर्तमान अवस्थामा खासै ध्यान दिएको देखिँदैन । यसकारण पनि असंलग्न आन्दोलन मुलुकहरुमा मानवीय सहायताको अभाव देखिन्छ । अहिले विश्वमा धेरै साना देशको परिस्थिति ठीक छैन । गरिबी बढ्दो छ, धनी हुने धनी हुँदैछन, साना र अल्पविकसित राष्ट्रको अवस्था ठीक छैन । आतंकवाद र गरिबी अहिलेको ठूलो समस्या भएको छ । आज जताततै देशहरूबीच विवाद छ । भारत र पाकिस्तानबीचको विवादले दक्षिण एशियाली क्षेत्रको संगठन सार्क अघि बढ्न सकेको छैन । सिरिया, इराक, अफगानिस्तान, टर्की, लेवनान, सुडान आदि देशमा संघर्ष भइरहेको छ । यस्तो अवस्थामा असंलग्न आन्दोलनले मध्यस्तता गर्दा निर्णय महत्वपूर्ण हुन्छ ।
"नेपालका तत्कालिन प्रधानमन्त्री केपी ओलीले असंलग्न आन्दोलन विश्व शान्तिको पक्षमा उभिइरहने कुरा बताएर शान्तिको पक्षमा नेपालको विचार प्रस्तुत गरेका छन् । ओलीले मञ्चमा स्वतन्त्र, असंलग्न नीति, विश्व शान्ति, समानता, राज्यहरुबीचको सहकार्य, सहअस्तित्व र खासगरी पञ्चशीलका आधारमा सम्बन्ध स्थापित गर्नुपर्ने कुरा बताएर नेपालको शान्ति र विश्व भाइचाराको संकेत दिएका छन्" (शर्मा, २०७६) । त्यसैगरी, २१ औं शताब्दीमा तटस्थ रुपमा स्थापित असंलग्न आन्दोलनको मुख्य चुनौती भनेको शीतयुद्ध पश्चात आफ्नो पहिचान र उद्देश्यको पुनर्मुल्याङ्कन गर्नु हो । यसकारण, आफ्नो संगठनको पुनरुत्थान गरि पञ्चशीलको सिद्धान्तको बाटोमा विश्व समुदायलाई लैजानु पर्ने आजको समस्याको रुपमा रहेको छ । ६० वर्षको लामो इतिहास भएतापनि प्रभावकारी रुपमा सदस्य मुलुकलाई सामाजिक, आर्थिक, गतिशिलता प्रदान गरिरहेको अवस्था छैन । नेपाल संस्थापक मुलुक भएतापनि बल्ल आएर १८ औं शिखर सम्मेलन आयोजक मुलुक अजरबैजानले भने छोटो समयमै सदस्यता प्राप्त गरेपश्चात सम्मेलन सम्पन्न गर्नुले पनि यसको सांगठनीक रुपमा केही समस्या रहेको पनि देखिन्छ ।

निष्कर्ष

असंलग्न आन्दोलनको निरन्तरता र आजको दिनमा पनि यसको सान्दर्भिकता नै असंलग्न आन्दोलनको महत्व हो । यसैका आधारमा असंलग्न आन्दोलनमा नेपालको भूमिकालाई प्रकाश पार्न सजिलो भएको अवस्था छ, Business Standresd (2020) नामको आगामी बाटो किन बलियो र भविष्य सकारात्मक छ भने यसको सदस्यहरुमा सदैव रहँदै आएको विविधता, यसको साझा विकास अनुभव र युवा जनसंख्याको आशा र आकांक्ष आदिले यात्रा सहज छ भन्न सकिन्छ । असंलग्न आन्दोलनको भविष्य आगामी पिढीसँग गासिएको छ, त्यसमा पनि करिब आधा विश्वको जनसंख्या यसले बोकेको हुनाले पनि यसको निरन्तर आवश्यकता रहेको छ । विकासशील र विकासोन्मुख मुलुकहरुको हित, विकास र साझेदारीलाई प्रभावकारी बनाउनु पनि यस आन्दोलनको नीति एवं सिद्धान्तहरु गतिशिल हुँदै जानु हो । यसले असंलग्न आन्दोलन र नेपालको भूमिकालाई पनि प्रभावकारी बनाएको छ । तसर्थ, असंलग्न आन्दोलनको उद्देश्य र सिद्धान्तको पालना गरेमा विश्व शान्ति स्थापना गर्नमा सहज वातावरण निर्माण हुनेछ । त्यसैले तटस्थता र गुट उपगुट रहित यस असंलग्न आन्दोलनका सदस्य मुलुकहरुले संयुक्त राष्ट्रसंघ मार्फत मात्र विश्वमा शान्ति निर्माण गर्न सकिन्छ भनि गङि ले ल्ब को महत्वलाई पनि दर्शाएका छन् । यति मात्र नभएर आन्दोलनमा सम्बद्ध सदस्य मुलुकहरुले अन्तराष्ट्रिय नीतिहरु र नेतृत्वमा पनि महत्वपूर्ण भूमिका खेल्दछ ।

यस आन्दोलनको प्रथम शिखर सम्मेलनदेखि नै नेपाल सदस्य रहिआएको छ र यस आन्दोलनका निम्ति विश्व रङ्गमञ्चमा महत्वपूर्ण भूमिका खेल्दै आईरहेको छ । "विश्व ध्रुर्वहरुमा विभक्त भै शीतयुद्धको भुङ्गो प्रखर स्थितिमा रहेको अवस्थामा विकसित यो असंलग्न आन्दोलनको औचित्य अहिले, शीतयुद्धको समाप्ति भै एकल ध्रुवीय विश्व हुँदा पनि बराबर छ" । यसकारण पनि विकासोन्मुख देशहरुले विकसित मुलुकहरुको सम्प्रभुताबाट मुक्त रहन शान्तिपूर्ण सहअस्तित्वको भावनालाई जीवन्त राख्न पनि असंलग्न आन्दोलनको महत्व र आवश्यकतालाई आजको विश्व परिवेशमा सक्रिय रुपमा कायम गर्नु पर्दछ । तब मात्र शान्ति, समुन्नति र सहयोग नीति र उद्देश्य रहेको असंलग्न आन्दोलन र निरन्तर रुपमा सक्रिय नेपालको भूमिकालाई अझ प्रभावकारी एवं वर्तमान समयमा सान्दर्भिक बनाउन सकिन्छ ।

## सन्दर्भ सामाग्री

ऐजेन्सी, (२०७४, चैत २२). बाकु बैठक: महेन्द्रकालिन असंलग्न आन्दोलन. *अनलाईनखबर*.
https://www.onlinekhabar.com/2018/04/670343 (accessed October 23, 2020)

खरेल, विश्वनाथ. (२०७६, कार्त्तिक). प्रधानमन्त्री अजरबैजान जानुको अर्थ:, *हिमालखबर*.
https://www.himalkhabar.com/news/15663 (accessed December)

ऐजेन्सी, (२०७७). असंलग्न आन्दोलनमा नेपालको भूमिका बढाउने. गोरखापत्र अनलाइन. https://gorkhapatraonline.com/featured/2020-12-09-27936 (accessed January 7, 2021).

थापा, हिराबहादुर. (2019, November,7). *NAM and Nepal's Strategic Autonomy*. The Rising Nepal.http://risingnepaldaily.com/opinion/nam-and-nepals-strategic-autonomy (accessed October 23, 2020).

नेपालको संविधान, (२०७२). संविधान सभा सचिवालय सिंहदरवारः काठमाण्डौं ।

पोखरेल, कृष्ण. (२०७६, जेष्ठ १९). *नेपालको विदेशनीतिका अप्ठ्यारा* ,नयाँ पत्रिका. http://www.nayapatrikadaily.com/news-details/16755/2019-16-12 (accessed October 23, 2020)

पौडेल, पुरूषोत्तम. (२०७६, कात्तिक ५). *अब कति सान्दर्भिक होला असंलग्न आन्दोलन,* लेखापढी. www.lekhapadhi.com/news/1360 (accessed October 23, 2020)

भण्डारी, शरदचन्द्र. (2020, December30). *समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माणको लक्ष्यका साथ नयाँ परराष्ट्र नीति सार्वजनिक* http://sankalpakhabar.com/2020/12/06/94692/ (accessed December 30, 2020)

शर्मा, दुर्गानाथ. (२०७६, कात्तिक २१). *असंलग्न आन्दोलनको सान्दर्भिक,* नागरिक पत्रिका. http://nagariknews.nagariknetwork.com/opinion/ 195242 - 1573107240. html? click_from_trending (accessed October 24, 2020). मोदी http://navbharattimes.indiatimes.com/india/is-there-policy-shift-as-modi-will- skip-nam-meet-2nd-time-in-row/articleshow/71713857.cms (accessed December 28, 2020).

एजेन्सी, ( २०६९). *असंलग्न आन्दोलनका सिद्धान्त नै मार्गदर्शक प्रम.* सौर्य अनलाईन. https://www.souryaonline.com/2012/09/33950.html (accessed October 23, January 7, 2021).

Business Standard, (2020**).** *NAM can't be platform to undermine territorial integrity*, sages India, https://www.business-standard.com/article/international/nam-can- be- latform-to-undermine-territorial-integrity-sages-india- 120100901322_1.html (accessed Janauary 3, 2021).

Foreign Ministry at the Virtual Ministerial Meeting of the Non- Aligned Movement (NAM) at the Margins of the 75th Session of the United Nations General Assembly. https:// www.un.int/nepal/statements_speeches/statement- hon- foreign-minister virtual-ministerial-meeting-non-aligned-movement (accessed December 28, 2020).

Rasool, A. and Pulwama, A. (2013). *Non- Aligned Movement in 21"st Century relevant or Redundant?... A Debate.* IOSR Journal of humanities and social Science ( IOSR-JHSS).Vol.11,Issue 4,Pp 64-70

Shenon,(1992). *Non- Aligned Movement Decides it is still Relevant.* New York Times,September 7, http://www.nytimes.com/1992/09/07//world/non-aligned movement-decides-it-is-still relevent.htmal (accessed December 31,2020).

Singh, S.K (1993). *Non-alignment: Past, present and future.* South Africa Journal of International Affairs (SAJIA). Vol.1, Pp.25-34.

Sehgal, S. (2019). *Non- Aligned movement in the global politics era*. International Journal of Research- GRANTHAALAYAH, Vol.7, Iss.8, Pp.507-512.